माननीय मन्त्रिस्तरको निर्णयबाट स्वीकृत मितिः- २०८२।०१।०८

आधारभूत अस्पताल सञ्चालन मापदण्ड, २०८१

प्रस्तावनाः नेपालको संविधानको भाग ३ धारा ३५ प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हकको सुनिश्चितता गर्न हरेक स्थानीयतहमा स्थापना भएका आधारभूत अस्पतालको सेवा सञ्चालन गरी आधारभूत स्वास्थ्य सेवाको प्रवाह गर्न स्थायीरुपमा सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण भएर कार्यान्वयनमा नआउदासम्म स्तरवृद्धि वा नयाँ निर्माण भएका अस्पताललाई तत्काल सञ्चालनमा ल्याउन जनशक्ति लगायतका स्रोत र साधनको प्रबन्ध गर्न वाञ्छनीय भएकोले,

जनस्वास्थ्य ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो मापदण्ड स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "आधारभूत अस्पताल सञ्चालन मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "मापदण्ड" भन्नाले आधारभूत अस्पताल सञ्चालन मापदण्ड , २०८१ सम्झनु पर्छ।

(ख) "चिकित्सक" भन्नाले प्रचलित कानून बमोजिम चिकित्सकको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ।

(घ) "अस्पताल" भन्नाले स्थानीयतहमा नयाँ निर्माण गरिएका ५/१०/१५ शय्याका आधारभूत अस्पताल सम्झनु पर्छ।

(ङ) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा बमोजिमका सेवाहरु सम्झनुपर्छ।

(च) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

परिच्छेद १

आधारभूत स्वास्थ्य सेवा प्रवाह

३. **आधारभूत स्वास्थ्य सेवाको प्रवाहः** (१) स्थानीय, प्रदेश र संघ सरकारको समन्वयमा अनूसूची ०१ बमोजिमका आधारभूत स्वास्थ्य सेवाको प्रवाह गर्ने व्यवस्था मिलाईनेछ।

डा. विकास देवकोटा
सचिव

(२) उपदफा (१) बमोजिमका अस्पतालहरुलाई स्वास्थ्य प्रवर्द्धनात्मक (Health Promoting Hospital) अस्पतालकोरुपमा समेत विकास गर्नुपर्नेछ

(३) आधारभूत अस्पतालले उपदफा (१) मा लेखिएका अतिरिक्त अनुसूचि ०२ मा उल्लिखित स्वास्थ्य प्रवर्द्धनात्मक अभियान सञ्चालन गर्नुपर्नेछ।

४. **आधारभुत अस्पतालः (१)** यस मापदण्ड बमोजिम सञ्चालन हुने अस्पतालहरु स्तरवृद्धि भई ५/१०/१५ शय्यायुक्त वा नया निर्माण भै सञ्चालनमा आएका अस्पताल हुन्छन्।

(२) उपदफा (१) बमोजिमका अस्पतालहरुको सञ्चालनका लागि हाल सञ्चालन भएका स्वास्थ्यका सेवाहरुमा बाधा नपुग्ने गरी सम्बन्धित पालिकाले साविकका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र वा अन्य स्वास्थ्य संस्थाका का जनशक्तिको समेत परिचालन गर्न सकिनेछ।

५. **सङ्गठन संरचना तथा दरबन्दि तेरिज सम्बन्धमा** (१) आधारभूत अस्पतालको सञ्चालनका लागि यस अघि मन्त्रालयद्वारा स्वीकृत ५/१०/१५ शय्याको अस्थायी सङ्गठन संरचना तथा दरबन्दि तेरिज अनुसारको अनुसूचि ०२ बमोजिमको स्वीकृत नमुना सङ्गठन संरचना तथा दरबन्दि तेरिज रहनेछ।

(२) उपदफा (१) बमोजिमको स्वीकृत सङ्गठन संरचना तथा दरबन्दि तेरिजको लागि साविककै दरबन्दिमा रहेका फाजिलमा रहेका, छात्रवृत्ति करार तर्फका वा सम्बन्धित स्थानीय तहबाट नमूना दरबन्दि अनुसारको कर्मचारीलाई आवश्यकतानुसार खटाउन सकिनेछ। यसका अतिरिक्त स्थानीय प्रदेश एवं संघबाट नियमानुसार कामकाजमा कर्मचारी खटाउन बाधा पर्ने छैन।

परिच्छेद २

आधारभूत स्वास्थ्य सेवा प्रवाहमा साझा जिम्मेवारी

६. **नेपाल सरकारको दायित्व**

(१) निर्माण सम्पन्न भएका अस्पतालको संलग्न नमुना दरबन्दि तेरिजका आधारमा जनशक्ति व्यवस्थापनको लागि छात्रवृत्ती करारका चिकित्सक र स्वास्थ्यकर्मी मन्त्रालय/विभागले प्रदेश मार्फत खटाउनेछ।

(२) अस्पताल सञ्चालनका लागि आवश्यक स्वास्थ्य सामाग्री मन्त्रालयले क्रमशः उपलब्ध गराउन सक्नेछ।

(३) छात्रवृत्ति करार तर्फका कर्मचारीहरुको तलब भत्ता मन्त्रालयले उपलब्ध गराउनेछ।

७. **प्रदेश सरकारको दायित्वः** (१) अस्पतालको सञ्चालनका लागि खटिएका जनशक्तिको ज्ञान,सीप र दक्षता अभिवृद्धि एवं आवधिक रुपमा सुपरिवेक्षण तथा पृष्ठपोषण प्रदेशस्थित स्वास्थ्य हेर्ने मन्त्रालयले गर्नेछ।

डा. विकास देवकोटा
सचिव

(२) अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति एवम् स्वास्थ्य सामाग्री प्रदेशस्थित स्वास्थ्य हेर्ने मन्त्रालयले क्रमशः उपलब्ध गराउनेछ।

८. **स्थानीयतहको दायित्वः** (१) अस्पतालको सञ्चालनको पूर्ण स्वामित्व एवं जिम्मेवारी स्थानीयतहको हुनेछ।

(२) अस्पताल सञ्चालन गर्दा आधारभूत स्वास्थ्य सेवालाई प्राथमिकता दिई सञ्चालन गर्नुपर्नेछ।

(३) सम्बन्धित स्थानीयतहले अस्पताल सञ्चालनका लागि निःशुल्क आधारभूत सेवाको सुनिश्चितताका लागि २४ सैं घण्टा सामान्य आकस्मिक सेवा, बहिरङ्ग सेवा, फार्मेसी सेवा, प्रयोगशाला सेवा, एक्स रे सेवा तथा स्थानीय अवस्था र आवश्यकता अनुसार अन्तरङ्ग सेवा तथा अन्य सेवाहरुको व्यवस्थापन गर्नुपर्नेछ।

(४) अस्पताल सञ्चालनका लागि सम्बन्धित स्थानीयतहले अस्पताल व्यवस्थापन समिति गठन गर्नसक्नेछ। अस्पताल सञ्चालनका लागि थप मापदण्ड/ कार्यविधि आवश्यक परेमा सो समेत बनाउन सक्नेछ।

(५) अस्पतालबाट प्रदान गरिने सेवाको प्रभावकारी सञ्चालनका लागि प्रदेश सरकारको स्वास्थ्य हेर्ने मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ।

(६) सेवाको गुणस्तरीयता र अविछिन्नतालाई अभिवृद्धि गर्न समितिले आफ्नो स्रोत अनुसार चिकित्सक तथा स्वास्थ्यकर्मीलाई थप प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ।

(७) आफ्नै साधन स्रोतमा आधारभूत अस्पताल शय्या अनुसारका अनुसूची ०२ बमोजिमका प्रस्तावित सङ्गठन संरचना तथा दरबन्दिमा अस्थायी कर्मचारी करारमा राख्न सक्नेछ।

परिच्छेद ३

विविध

९. **निर्देशन दिन सक्नेः** अस्पतालबाट प्रदान हुने स्वास्थ्य सेवा प्रभावकारी एवं गुणस्तरीय बनाउनका लागि तीनै तहका सरकारले निर्देशन दिन सक्नेछन् र अस्पतालले यस्ता निर्देशनको पालना गर्नुपर्नेछ।

१०. **अनुगमन सम्बन्धी व्यवस्थाः** स्थानीयतहले अस्पतालबाट प्रवाह हुने आधारभूत स्वास्थ्य सेवाको नियमित अनुगमन गर्नेछ। यसका साथै संघीय सरकार र प्रदेश सरकारबाट समेत अनुगमन गर्न सकिनेछ।

११. **अभिलेखन तथा प्रतिवेदनः** यस मापदण्ड बमोजिम सञ्चालन हुने अस्पतालले अनिवार्यरुपमा नेपाल सरकारको स्वास्थ्य सूचना प्रणालीमा अभिलेखन तथा प्रतिवेदन गर्नुपर्नेछ।

१२. **बाधा अड्काउ फुकाउः** यस मापदण्डको कार्यान्वयनका क्रममा कुनै बाधा अड्चन उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्चन फुकाउनेछ।

डा. विकास देवकोटा
सचिव

१३. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** (१) यस मापदण्डमा समेटिएका विषयको हकमा यसै मापदण्ड बमोजिम र नसमेटिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

डा. विकास देवकोटा
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

आधारभूत स्वास्थ्य सेवाहरु

१. खोप सेवा
२. एकिकृत नवजात शिशु बाल रोग व्यवस्थापन सेवा, पोषण सेवा, गर्भवति सेवा, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन सेवा, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ नवजात शिशु तथा बालस्वास्थ्य सेवा
३. सरुवा रोग सम्बन्धी सेवा
४. नसर्ने रोग सेवा तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा
५. मानसिक रोग सम्बन्धी सेवा
६. ज्येष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा
७. सामान्य आकस्मिक अवस्थाका स्वास्थ्य सेवा
८. स्वास्थ्य प्रवर्द्धन सेवा
९. आयुर्वेद तथा वैकल्पिक चिकित्सा स्वास्थ्य सेवा

डा. विकास देवकोटा
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

अनुसूचि -२

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

स्वास्थ्य प्रवर्द्धनात्मक अस्पतालले देहाय बमोजिमका सामुदायिक एवं संस्थागत क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ।

(क) नागरिक आरोग्य सेवा कार्यक्रम अन्तर्गत सामुदायिक योग, ध्यान शिविर तथा स्वस्थ जीवनशैली प्रवर्द्धन

(ख) समुदायस्तरमा नसर्ने रोगको स्क्रिनिङ्ग तथा सचेतना र मानसिक स्वास्थ्यको सचेतना एवं प्रवर्द्धन

(ग) सामुदायिक स्वास्थ्य प्रवर्द्धन अन्तर्गत खुल्ला दिसामुक्त व्यवहार अवलम्बन, फोहोरमैलाको उचित व्यवस्थापन, सफा पानी पिउने बानी अवलम्बन

(घ) समुदायस्तरमा खाद्य स्वच्छता, खाद्य सुरक्षा, पोषण प्रवर्द्धन- भान्सा सुधार तथा पत्रु खानाको निरुत्साहन

(ङ) सूर्तीजन्य, धूम्रपान, मादक पदार्थ एवं लागू पदार्थ कुलत त्यागका लागि स्वास्थ्य शिक्षा सूचना सञ्चार सहितको सचेतना

(च) समुदायस्तरमा जीवनपथमा (गर्भवति, सुत्केरी, नवजात शिशु देखि ज्येष्ठ नागरिक सम्म) आधारित स्वास्थ्य हेरचाह, परामर्श एवं अतिरिक्त स्याहार र सचेतना अभिवृद्धि

(छ) वातावरणीय स्वास्थ्य प्रवर्द्धन, जलवायु परिवर्तनका र महामारी एवं अन्य स्वास्थ्य आपतकालिन जोखिम न्युनिकरणका उपायबारे सचेतना

डा. विकास देवकोटा
सचिव


(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

अनुसूचीहरू

अनुसूची - १ प्रस्तिवत साङ्गठनिक ढाँचा


अनुसूची १ (क)

स्थानीय तहमा स्थापना हुने ५ शैय्याको आधारभूत अस्पतालको प्रस्तावित संगठन संरचना




अनुसूची १ (ख(

स्थानीय तहमा स्थापना हुने १० शैय्याको आधारभूत अस्पतालको प्रस्तावित संगठन संरचना



अनुसूची १ (ग(

स्थानीय तहमा स्थापना हुने १५ शैय्याको आधारभूत अस्पतालको प्रस्तावित संगठन संरचना



अनुसूची –२ (ख)

प्रस्तावित दरबन्दी तेरिजको एकमुष्ठ विवरण (१० शैय्याको आधारभूत अस्पताल)

..... गाउँपालिका /नगरपालिका

गाउँ /नगर कार्यपालिकाको कार्यालय

.....(स्थानीय तहको ठेगाना)



१० शैय्याको आधारभूत अस्पतालको प्रस्तावित दरबन्दी तेरिज

क्र.सं.	पद	सेवा/समूह	सेवा	समूह	प्रस्तावित दरबन्दी	कैफियत
१	मेडिकल अधिकृत	८	स्वास्थ्य	ज हे स	२	
२	स्टाफ नर्स	५।६।७	स्वास्थ्य	जनरल नर्सिङ	५	
३	हेल्थ असिष्टेण्ट	५।६।७	स्वास्थ्य	हेल्थ इन्स्पेक्सन	३	
४	कविराज आयुर्वेद सहायक	५।६।७	स्वास्थ्य	आयुर्वेद	१	
५	ल्याब टेक्निसियन	५।६।७	स्वास्थ्य	मेडिकल ल्याब टेक्नोलोजी	१	
६	रेडियोग्राफर	५।६।७	स्वास्थ्य	रेडियोग्राफी	१	
७	फार्मेसी सहायक	५।६।७	स्वास्थ्य	फार्मेसी	१	
८	डेण्टल हाइजिनिष्ट	४।५।६	स्वास्थ्य	डेण्टिष्ट्रि	१	
९	नायब सुब्बा	राप अनं प्र	प्रशासन	सा प्रशासन	१	
१०	कार्यालय सहयोगी	विहिन	प्रशासन	सा प्रशासन	४	
११	सरसफाइकर्मी	विहिन	प्रशासन	सा प्रशासन	२	
	जम्मा				२२	

अनुसूची - २ (क)

प्रस्तावित दरबन्दी तेरिजको विवरण (५ शैय्याको आधारभूत अस्पतालको)

.....गाउँपालिका /नगरपालिका

गाउँ/नगर कार्यपालिकाको कार्यालय

.....(स्थानीय तहको ठेगाना)

५ शैय्याको आधारभूत अस्पतालको प्रस्तावित दरबन्दी तेरिज

क्रमांक	पद	श्रेणी नं.	सेवा	समूह	प्रस्तावित दरबन्दी	कैफियत
१	मेडिकल अधिकृत	८	स्वास्थ्य	ज हे स	१	
२	स्टाफ नर्स	५।६।७	स्वास्थ्य	जनरल नर्सिङ	४	
३	हेल्थ असिस्टेण्ट	५।६।७	स्वास्थ्य	हेल्थ इन्स्पेक्सन	३	
४	कविराज आयुर्वेद सहायक	५।६।७	स्वास्थ्य	आयुर्वेद	१	
५	ल्याब टेक्निसियन	५।६।७	स्वास्थ्य	मेडिकल ल्याब टेक्नोलोजी	१	
६	रेडियोग्राफर	५।६।७	स्वास्थ्य	रेडियोग्राफी	१	
७	फार्मेसी सहायक	५।६।७	स्वास्थ्य	फार्मेसी	१	
८	डेण्टल हाइजिनिष्ट	४।५।६	स्वास्थ्य	डेण्टिष्ट्रि	१	
९	नायव सुब्बा	राप अनं प्र	प्रशासन	सा प्रशासन	१	
१०	कार्यालय सहयोगी	विहिन	प्रशासन	सा प्रशासन	३	
११	सरसफाइकर्मी	विहिन	प्रशासन	सा प्रशासन	१	
	जम्मा				१८	

अनुसूची-२ (ग)

प्रस्तावित दरबन्दी तेरिजको एकमुष्ठ विवरण (१५ शैय्याको आधारभूत अस्पताल)

.....गाउँपालिका /नगरपालिका

गाउँ /नगर कार्यपालिकाको कार्यालय

.....(स्थानीय तहको ठेगाना)

१५ शैय्याको आधारभूत अस्पतालको प्रस्तावित दरबन्दी तेरिज

क्रम	पद	श्रेणी	सेवा	समूह	प्रस्तावित दरबन्दी	कैफियत
१	ब.क.।क. मेडिकल जनरलिष्ट	९।१०	स्वास्थ्य	मेडिकल जनरलिष्ट	१	
२	मेडिकल अधिकृत	८	स्वास्थ्य	ज हे स	२	
३	स्टाफ नर्स	५।६।७	स्वास्थ्य	जनरल नर्सिङ	६	
४	हेल्थ असिष्टेण्ट	५।६।७	स्वास्थ्य	हेल्थ इन्स्पेक्सन	४	
५	कविराज (आयुर्वेद सहायक)	५।६।७	स्वास्थ्य	आयुर्वेद	१	
६	ल्याबटेक्निसियन	५।६।७	स्वास्थ्य	मेडिकल ल्याब टेक्नोलोजी	१	
७	रेडियोग्राफर	५।६।७	स्वास्थ्य	रेडियोग्राफी	१	
८	फार्मेसी सहायक	५।६।७	स्वास्थ्य	फार्मेसी	१	
९	डेण्टल हाईजीनिष्ट	४।५।६	स्वास्थ्य	डेण्टिष्ट्रि	१	
१०	एनेस्थेटिक सहायक	५।६।७	स्वास्थ्य	विविध	१	
११	अष्थाल्मिक सहायक	५।६।७	स्वास्थ्य	विविध	१	
१२	नायव सुब्बा	राप अनं प्र	प्रशासन	सा प्रशासन	१	
१३	कार्यालय सहयोगी	विहिन	प्रशासन	सा प्रशासन	६	
१४	सरसफाइकर्मी	विहिन	प्रशासन	सा प्रशासन	३	
	जम्मा				३०	